नेपाल वायुसेवा

# प्रेस विज्ञप्ति

## भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट काठमाडौंलाइ ट्रान्जिट वनाएर हङ्कङ्ग र दिल्लीमा नियमित उडान भर्ने गरी टिकट बुकिङ्ग खुला

मिति २०८०/०५/१०

नेपाल वायुसेवा निगमले २०८० भाद्र १२ गते तद्नुसार २९ अगष्ट २०२३ देखि भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट काठमाडौंलाइ ट्रान्जिट वनाएर हङ्कङ्ग र दिल्लीमा नियमित उडान भर्ने गरी टिकट बुकिङ्ग खुला गरेको छ । भैरहवाबाट हरेक मंगलवार हप्ताको एक उडानबाट सुरु गरी बजारको माग तथा निगमको वजार व्यवस्थापन अनुसार उडानको संख्या बढाउँदै लैजाने योजना रहेको छ ।

उडान तालिका अनुसार विहान ८:१५ मा भैरहवाबाट उडेको जहाज ९:०० बजे काठमाडौंमा अवतरण गर्नेछ । तत्पश्चात ट्रान्जिट भइ हङ्कङ्ग जाने यात्रु हङ्कङ्ग जाने उडानमा र दिल्ली जाने यात्रु दिल्ली जाने निगमकै कनेक्टिङ्ग उडानमा चढ्ने छन् । यात्रुको सुविधाको लागि चेक इन गर्दाकै वखत गन्तव्य सम्मकै बोर्डिङ्ग पास दिने र लगेज सिधै गन्तव्यमा लिने व्यवस्था मिलाइएको छ ।

राष्ट्रिय गौरवको आयोजना अन्तर्गत निर्माण भएको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट उडान भर्ने कार्य तदारुकताका साथ गर्नका लागि श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसंगको समन्वयमा निगम व्यवस्थापनले विशेष पहल गरी उडान शुरु गर्ने निर्णय गरेको छ ।

यात्रुहरुले निगमको कार्यालय वा निगमको वेवसाइट www.nepalairlines.com.np मा log on गरि online बाट वा नजिकको ट्राभल एजेन्सीबाट टिकट लिई सहज रुपमा यात्रा गर्न सक्नु हुनेछ । यसबाट यात्रुहरुलाई थप सुविधा पुग्ने निगमले विश्वास लिएको छ ।

नेपाल वायुसेवा निगम, कान्तिपथ, काठमाडौं

२०८०/५/१०

(रमेश पौडेल)
प्रवक्ता

नेपाल वायुसेवा निगम, पो.ब.नं. ४०१, काठमाडौं, नेपाल, फोन : ०१-४२२०७५७, फ्याक्स: ०१-४२२५३४८
Email: info@nac.com.np, web: www.nepalairlines.com.np